# प्रदेश आमसञ्चार नीति, २०७५

नेपालको संविधानले परिकल्पना गरेको खुला, जनमुखी, पारदर्शी र जवाफदेही राज्य व्यवस्थालाई मूर्त रुप दिन स्वतन्त्र, उत्तरदायी र जिम्मेवार आम सञ्चार माध्यमको भूमिकालाई आत्मसात गर्दै,

नागरिकको सुसूचित हुन पाउने र अभिव्यक्त गर्न पाउने सम्बन्धी नेपालको संविधानले प्रत्याभूत गरेका सिद्धान्तलाई समेत ध्यानमा राख्दै,

सञ्चारमाध्यम तथा सञ्चारकर्मीको स्वतन्त्रताको संरक्षणका निम्ति आवश्यक पर्ने कानूनको निर्माण गरी प्रदेश भित्र सूचनाको पहुँच विस्तार गर्न,

प्रदेशमा आमसञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट तयार भई प्रदेश सरकारद्वारा 'प्रदेश आमसञ्चार नीति २०७५' जारी गरिएको छ ।

## १. प्रदेश आमसञ्चार नीतिका उद्देश्यहरू :

१.१ संविधानमा मौलिक हकका रुपमा रहेको अभिव्यक्ति स्वतन्त्रतालाई मूर्त रुप दिन

तथा स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आमसञ्चारको विकास गर्ने ।

१.२ प्रदेश भित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहुँच विस्तार गरी राज्य र जनता बीच नजिकको सम्बन्ध कायम गर्ने ।

१.३ आमसञ्चारका माध्यममा नवीनतम प्रविधिको विकास र विस्तार गरी ज्ञानमा आधारित समाजको निर्माण गर्ने ।

१.४ सञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी जिम्मेवार, उत्तरदायी, मर्यादित र विश्वसनीय बनाउँदै आमसञ्चार माध्यमको व्यवसायिकतामा जोड दिने ।

१.५ प्रदेशको विविधतालाई सम्बोधन गर्दै आमसञ्चार क्षेत्रलाई समावेशी क्षेत्रको रुपमा विकास गर्ने ।

१.६ आमसञ्चार क्षेत्रमा ज्ञान, सीप, योग्यता र क्षमताले युक्त जनशक्ति भित्र्याई यस क्षेत्रलाई मर्यादित र आकर्षक पेशाका साथै आकर्षक रोजगारीको क्षेत्रका रुपमा विकास गर्ने ।

१.७ आमसञ्चार माध्यममा हुने सम्भावित लगानीलाई पारदर्शी बनाई यसलाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाउने ।

१.८ आमसञ्चार माध्यमको व्यवसायिकता विकासका लागि विज्ञापन बजारलाई प्रवर्द्धन गर्ने ।

१.९ तिव्र रुपमा विकास एवं विस्तार भइरहेको इन्टरनेट प्रणाली एवं अन्य डिजिटल माध्यमबाट समाजमा पर्ने नकारात्मक प्रभाव रोकी यसका सकारात्मक लाभको प्रवर्द्धन गर्ने ।

## २. आधारभूत नीति :

२.१ सूचना र सञ्चार क्षेत्रमा संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्न तथा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न प्रदेश स्तरमा सञ्चारको पूर्वाधार तयार पारी संस्थागत गरिनेछ ।

२.२ सरकार र जनता बिचको सम्बन्ध सेतुका रुपमा आमसञ्चार क्षेत्रलाई विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । प्रदेश स्तरीय सञ्चार माध्यमको स्थापना र विकास गर्ने क्रममा मौजुदा आमसञ्चार माध्यमका क्षेत्रीय संरचनालाई प्रदेश मातहत सञ्चालन गर्न आवश्यक व्यवस्था

मिलाउन संघीय सरकारसँग समन्वय गरिने छ ।

२.३ राष्ट्रिय अखण्डता, नागरिकहरु बीचको सदभाव, राष्ट्रिय सुरक्षा, प्रदेशको विविधता र मौलिकताको संरक्षण संवर्द्धनमा सञ्चार माध्यमले प्रवाह गर्ने विषयबस्तुमा संवेदनशीलता अपनाउन स्वनियमनमा जोड दिइने छ ।

२.४ प्रदेश भित्र सञ्चालन हुने छापाखाना र प्रशारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी तिनलाई जवाफदेही बनाइनेछ ।

२.५ आमसञ्चार माध्यमलाई जनताको चासो र प्रदेशका प्राथमिकताका क्षेत्रका साथै उपभोक्ता अधिकार तथा जनचेतना अभिवृद्धि, प्राकृतिक प्रकोप र सुशासनमूलक सामग्री प्रकाशन तथा प्रशारण गर्न प्रोत्साहित गरिनेछ ।

२.६ आमसञ्चार माध्यमको बर्गीकरणका लागि रेडियो र टेलिभिजनको हकमा उसले प्राप्त गरेको प्रसारण क्षमतालाई साना, मझौला र ठूला सञ्चार माध्यमका रुपमा वर्गीकरण गरी सामुदायिक वा व्यवसायिक उद्देश्यका आधारमा शर्त र सहुलियत किटान गरिनेछ ।

२.७ आमसञ्चार माध्यममा प्रस्तुत गरिने सामग्रीमा प्रदेश भित्रको विविधताको सम्बोधन गर्दै स्थानीय भाषाको प्रस्तुतिलाई प्रवर्द्धन गरी स्थानीय सामग्रीको प्रकाशन प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

२.८ विदेशी लगानीको निर्णायक भूमिका हुने गरी कुनै पनि सञ्चार माध्यम सञ्चालन गर्न कानूनी रुपमा रोक लगाइने छ । आमसञ्चार माध्यममा कार्यरत पत्रकार तथा कर्मचारी अनिवार्य रुपमा नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरिनेछ ।

२.९ विदेशी पत्रपत्रिकाको नेपाल संस्करण वा मुद्रण एवम् विदेशी रेडियो र टेलिभिजनको प्रसारण, पुनः प्रसारण, रिले प्रसारण र विदेशी उत्पादनको प्रसारण गण्डकी प्रदेशबाट हुने भएमा त्यस्ता प्रसारणलाई नेपालको संविधानको मर्म र भावना एवं प्रदेशको मौलिक संवेदनशीलतामा असर नपर्ने गरी प्रकाशन वा प्रसारण गर्न कानूनद्वारा व्यवस्थित गरिनेछ ।

२.१० कुनै एक व्यक्ति, परिवार वा समुहलाई अनलाइन माध्यम बाहेक छापा, श्रव्यदृश्य र श्रव्य माध्यम गरी तिनै माध्यममा लगानी गर्न रोक लगाई सञ्चार माध्यममा एकाधिकार कायम गर्न नदिन निश्चित

शर्त सहित लगानीको सीमा तोक्ने कानूनी व्यवस्था गरिने छ ।

२.११ सञ्चार माध्यमको प्रोत्साहनका लागि प्रदान गरिने लोककल्याणकारी विज्ञापनको प्रभावकारी र न्यायपूर्ण वितरणका लागि कानून बनाई व्यवस्थित गरिनेछ ।

२.१२ जनताको सूचनाको अधिकार र राज्यको नागरिक प्रतिको दायित्व बहन गर्न प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी प्रदेशस्तरका सरकारी सञ्चार माध्यमलाई व्यवस्थित गर्न एक स्वायत्त निकायको रुपमा “प्रदेश सञ्चार बोर्ड” गठन गरिने छ ।

२.१३ विज्ञापन बजारको विकास र विस्तारका लागि तथा आमसञ्चार माध्यमबाट प्रसारण हुने विज्ञापनले पार्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न एक प्रदेश स्तरको विज्ञापन नीति तर्जुमा गरिने छ ।

२.१४ आमसञ्चार माध्यममा सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार र कर्मचारीको श्रम विवादमा मध्यस्थता, आमसञ्चार माध्यममा आचार संहिता तथा स्वनियमनको प्रवर्द्धन तथा आमसञ्चार माध्यम बिरुद्धको उजुरी सुनुवाई,

सञ्चारकर्मीको क्षमता विकास लगायतका आवश्यक कार्य गर्ने गरी एक स्वायत्त र स्वतन्त्र 'प्रदेश प्रेस रजिस्ट्रार' को कार्यालय स्थापना गरिनेछ ।

२.१५ प्रदेशभित्र आमसञ्चार क्षेत्रमा निरन्तर रुपमा लामो समय काम गरेका पत्रकारको ज्ञान, सीप, क्षमता तथा अनुभवको कदर र सम्मान गर्न दोहोरो नपर्ने गरी जीवनवृत्तिको व्यवस्था गरिने छ र उनीहरुको अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ।

२.१६ सञ्चारकर्मी तथा कर्मचारीको सामाजिक सुरक्षा तथा कार्यस्थलजन्य जोखिम न्यूनीकरणका लागि एक "सञ्चारकर्मी सुरक्षा कोष" स्थापना गर्न आवश्यक कानूनी व्यवस्था मिलाइने छ ।

२.१७ केवलमा आधारित प्रविधिका कारण शहरी सौन्दर्यमा ह्रास आएकाले नविनतम प्रविधिलाई आत्मसात गर्दै जानु पर्ने हुन्छ । केवलमा आधारित सञ्चार माध्यमलाई तार रहित प्रविधिमा रुपान्तरण गरिने छ ।

२.१८ श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि सेवा, शर्त तथा सुविधा सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कानून बमोजिम भए, नभएको सम्बन्धमा भरपर्दो अनुगमनको व्यवस्था मिलाइने छ ।

कानून कार्यान्वयन नगर्ने सञ्चार माध्यमलाई प्रदेश सरकारबाट प्राप्त हुने सवै प्रकारका सुविधाबाट बञ्चित गरिने छ ।

## ३. विषयगत नीति :

### ३.१. प्रसारण सेवा :

३.१.१ फ्रिक्वेन्सी बाँडफाँटको अधिकार संघीय सरकारलाई भएकाले प्रदेश सरकारको सिफारिसमा मात्र फ्रिक्वेन्सी वितरण गर्न संघीय सरकारसँग समन्वय गरिने छ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकलाई एक भन्दा बढी फ्रिक्वेन्सी सिफारिस गरिने छैन । फ्रिक्वेन्सी प्राप्त गर्नुपूर्व प्रदेश सरकारको सिफारिस अनिवार्य गरिने छ ।

३.१.२ फ्रिक्वेन्सी राष्ट्रिय श्रोत भएकाले यसको खरिद विक्रिलाई निरुत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद बिक्रि वा हस्तान्तरण भएपनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद विक्रि वा हस्तान्तरण भएको मानिने छैन । एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि तिन बर्षसम्म नविकरण नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन ।

यस्ता फ्रिक्वेन्सीलाई पुनः नयाँ सरह वितरण गर्न संघीय सरकारलाई सिफारिस गरिने छ ।

३.१.३ प्रसारण क्षेत्रका इजाजत प्राप्त संस्थाले परस्पर सहमतिमा पूर्वाधारको सहप्रयोग तथा साझेदारी गर्न चाहेमा त्यस्ता प्रयासलाई प्रोत्साहन गरिनेछ ।

३.१.४ फ्रिक्वेन्सी व्यवस्थापनका सम्बन्धमा यस नीतिमा उल्लेख भए बाहेकका व्यवस्था संघीय सरकारको नीति बमोजिम हुनेछ ।

## ३.२ प्रदेश सञ्चार बोर्ड :

३.२.१.प्रदेश सरकारले सञ्चालन गर्ने सञ्चार माध्यमलाई प्रदेश सञ्चार बोर्ड मार्फत एकीकृत गरिने छ । साविक सार्वजनिक सञ्चार माध्यमका क्षेत्रीय प्रकाशन, प्रसारण केन्द्रलाई नै सम्भव भएसम्म प्रदेश मातहत ल्याई उक्त बोर्डमा समावेश गर्न पहल गरिनेछ । यसरी गठन गरिएको बोर्डमा सूचना तथा सञ्चार क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई नियुक्त गरी सार्वजनिक उत्तरदायित्व सहितको स्वतन्त्र र व्यावसायिक संस्थाका रुपमा विकास गर्न आवश्यक कानून तर्जुमा गरिने छ ।

३.२.२ प्रदेश सञ्चार बोर्ड मार्फत सञ्चालन हुने सञ्चार माध्यमलाई विपद्का समयमा समेत निर्वाध सञ्चालन हुन सक्ने गरी आवश्यक भौतिक श्रोत साधनको व्यवस्था मिलाइने छ ।

३.२.३ सञ्चार माध्यममा प्रसाारण हुने विषयवस्तुलाई अधिकतम समावेशी, नीति निर्माणमा योगदान पुग्ने, सचेतनामुखी कार्यक्रम, प्रदेश भित्रका संस्कृतिको संरक्षण एवं जगेर्ना गर्ने लगायत नागरिकमुखी बनाइने छ ।

३.२.४ प्रदेश सञ्चार बोर्डले आफ्ना उत्पादन, प्रसारण आवश्यकता र औचित्य हेरी निजी क्षेत्रलाई उपलव्ध गराउन र निजी क्षेत्रले तयार पारेका गैह्र व्यवसायिक र सेवा मूलक उत्पादनलाई उपयोग गर्न सक्ने व्यवस्था मिलाइने छ ।

## ३.३ निजी एवम् व्यवसायिक प्रसारण :

३.३.१ निजी क्षेत्रबाट प्रसारण हुने एफ.एम रेडियो र टेलिभिजन लगायतका प्रसारण माध्यमलाई स्वतन्त्र, निष्पक्ष र व्यवसायिक संस्थाका रूपमा सञ्चालन हुने वातावरण सिर्जना गरिनेछ ।

३.३.२ प्रसारण माध्यमलाई क्षमता र लगानीका आधारमा साना, मझौला र ठूला तथा उद्देश्यका आधारमा सामुदायिक र व्यवसायिक गरी वर्गीकरण गरिने छ । सामुदायिक प्रसारण संस्थालाई अनुदान र अन्य सहुलियतमा विशेष प्राथमिकता दिइने छ ।

३.३.३ एफ.एम रेडियोको नेटवर्किङ मार्फत हुने प्रसारणका कारण प्रदेश भित्रका भाषा, संस्कृति र रहन सहनमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

३.३.४ आमसञ्चार माध्यमबाट प्रसारण हुने कार्यक्रमको गुणस्तरीयता, र जवाफदेहिता वहन गर्ने संस्कृतिको विकास गर्न प्रसारकको योग्यता सम्बन्धी कानून बनाई लागू गरिने छ ।

## ३.४ सामुदायिक प्रसारण :

३.४.१ उपभोक्ता समूह, स्थानीय निकाय, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावापानी तथा मौसम, जनस्वास्थ्य, पर्यटन

र कृषिसँग सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यका साथ सञ्चालित एफ.एम, रेडियो र टेलिभिजनलाई सामुदायिक सेवा प्रसारणका रूपमा व्यवहार गरिनेछ ।

## ३.५. सूचना बैंक

३.५.१ प्रदेश भित्र भएका घटनालाई सूचनाका रुपमा संकलन गरी सञ्चार माध्यमलाई उपलव्ध गराउने व्यवसायिक प्रयोजनका लागि सूचना बैंक स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

## ३.६ छापा सञ्चार माध्यम :

३.६.१ प्रदेश स्तरमा गठन हुने प्रदेश प्रेस रजिष्ट्रारको कार्यालयमा छापा माध्यमको दर्ता, अभिलेख, बर्गीकरण लगायतका व्यवस्था मिलाइने छ । दर्ता भई प्रकाशन नै नभएको पत्र पत्रिकाको नाम नयाँ

पत्रिका दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।

३.६.२ छापा सञ्चार माध्यमलाई उपलव्ध गराइने लोक कल्याणकारी विज्ञापनलाई औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ । अनुदानका लागि मात्र पत्रपत्रिका प्रकाशन गर्ने बदनीयतलाई निरुत्साहित गरिने छ । यस्ता पत्रिकाका प्रकाशकलाई कारबाहीको व्यवस्था गरिने छ।

३.६.३ विविध विधामा गरिने पत्रकारिताको प्रवर्द्धन गर्दै प्रदेश भित्र प्रचलनमा रहेका स्थानीय भाषामा समेत पत्रपत्रिकाको प्रकाशन गर्न प्रोत्साहित गरिनेछ ।

## ३.७ अनलाइन मिडिया :

३.७.१ समाचारमूलक अनलाइन माध्यमलाई वर्गीकरण गरी अन्य समाचार माध्यम सरह सुविधा र नियमनको व्यवस्था मिलाइने छ ।

३.७.२ गण्डकी प्रदेशलाई लक्षित गरी अन्य प्रदेश वा विदेशबाट इन्टरनेटको माध्यमबाट सञ्चालन हुने अनलाईन सञ्चार माध्यमका सम्बन्धमा कानूनबमोजिम नियमनको व्यवस्था गरिनेछ ।

३.७.३ दर्ता नगरिकन सञ्चालित अनलाईन सञ्चार माध्यमलाई कारबाही गरिने छ । श्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिने गरी वा आम मानिसमा हिंसा, आतंकलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन, प्रसारण गर्न दिइने छैन । भ्रामक सूचना सम्प्रेषण गर्नेमाथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा प्रेस रजिष्ट्रारको कार्यालयसँग परामर्श लिई कानून बमोजिम कारबाहीको व्यवस्था मिलाइने छ ।

३.७.४ सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोगलाई निरुत्साहित गर्न इन्टरनेट सेवा प्रदायकलाई विशेष उपाय अवलम्बन गर्न आवश्यक व्यवस्था गरिनेछ । यसका लागि संघीय सरकार लगायत सम्पूर्ण सरोकारवाला निकायसँगको सहकार्यमा साइवर सुरक्षा योजना लागू गरिनेछ ।

३.७.५ पछिल्लो समय अधिक प्रचलनमा रहेको युट्यूव च्यानललाई समेत नियमनको दायरामा ल्याई यसका सकारात्मक लाभको प्रवर्द्धन गर्न र दुरुपयोग नियन्त्रण गर्न संघीय सरकार र अन्य प्रादेशिक सरकारसँग समन्वय गरिने छ ।

## ३.८ चलचित्र :

३.८.१ पर्यटकको गन्तव्यस्थलका रुपमा रहेका गण्डकी प्रदेशका पर्यटकीय स्थानको विकास र प्रवर्द्धन गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय चलचित्र छायाङ्कन स्थलको रुपमा विकास गर्न चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ । साथै चलचित्र छायांकन गर्न आउने समूहलाई सुरक्षा र सहजीकरण गर्न विशेष व्यवस्था गरिनेछ ।

३.८.२ गण्डकी प्रदेशको मौलिक संस्कृतिलाई प्रतिबिम्बित गर्ने बिभिन्न मातृभाषामा उत्पादित चलचित्रलाई विशेष सुविधा तथा सहुलियत उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

## ३.९ विज्ञापन :

३.९.१ गण्डकी प्रदेशभित्र सञ्चालित विज्ञापन एजेन्सीको दर्ता प्रदेशस्तरमा नै गर्ने व्यवस्था मिलाइने छ । प्रदेशस्तरीय वा राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारण हुने विज्ञापनलाई प्रदेश भित्रकै एजेन्सीबाट उत्पादन गर्ने व्यवस्थालाई प्रवर्द्धन गरिनेछ ।

३.९.२ आम उपभोक्तामा विज्ञापनले पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न र उपभोक्ताको उत्पादन र सेवा छनौट गर्न पाउने अधिकार सुनिश्चित गर्न अमर्यादित, अशोभनीय र संविधानको भावना प्रतिकूल विज्ञापन सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरी उपभोक्ता हितको संरक्षण गरिनेछ ।

३.९.३ आमसञ्चार माध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रवाहित गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

३.९.४ आमसञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

३.९.५ जनहितकारी विज्ञापन प्रसारण गर्ने प्रसारकलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

३.९.६ प्राकृतिक विपद् तथा प्रकोपले खडा गरेको सङ्कटका समयमा आवश्यक सूचना तथा

सन्देश प्रवाह गर्न सहुलियत दरमा वा निःशुल्क प्रकाशन, प्रसारणको व्यवस्था सुनिश्चित गरिनेछ ।

३.९.७ कुनै उत्पादन वा सेवाका सम्बन्धमा गलत सूचना प्रवाह हुन नदिन त्यस्तो उत्पादन वा सेवा प्रवाह भएका सूचनाको कानूनी दायित्व सम्बन्धित विज्ञापनदाता, प्रकाशक र प्रसारकलेनै वहन गर्नु पर्ने कानूनी व्यवस्था गरिनेछ ।

३.९.८ होर्डिङ बोर्ड, विद्युतीय डिस्प्ले, टावर, भित्ते लेखन र उच्च वेलुन जस्ता बाह्य (आउटडोर) विज्ञापन प्रदर्शन गर्न, राख्न अनुमति दिइने क्षेत्र छुट्याई जनताको सुरक्षा, स्थानीय क्षेत्रको सौन्दर्य र वातावरणको स्वच्छता सुनिश्चित गर्न स्थानीय तह एवम् अन्य सम्बद्ध निकाय सँगको सहकार्यमा आवश्यक व्यवस्था गरिनेछ ।

३.९.९ स्थानीय विज्ञापनलाई स्थानीय तहकै सञ्चार माध्यममा वितरण गर्नका लागि प्रोत्साहन गरिनेछ । साथै विज्ञापन अतिरिक्त खर्च होइन लगानी हो भन्ने मान्यतालाई प्रवर्द्धन गरिनेछ ।

## ३.१० टेलिभिजन सिग्नल र केवुल वितरणसम्बन्धी व्यवस्था :

३.१०.१ प्रकाशन र प्रसारण जस्तै सामग्रीको वितरण समेत अभिव्यक्ति स्वतन्त्रतासँग अभिन्न रूपमा जोडिएकाले टेलिभिजन सिग्नल वितरण र केवुल वितरणलाई अनिवार्य रुपमा डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ । ताररहित प्रविधि एवं भूमिगत माध्यमबाट टेलिभिजन सिग्नल र केवुल वितरण सम्बन्धी व्यवस्था गर्न आवश्यक अध्ययन गरिनेछ ।

३.१०.२ केवुल प्रसारकहरूले स्थानीय वा सामुदायिक टेलिभिजनको प्रसारणलाई प्राथमिकताका साथ प्रसारण गर्ने व्यवस्था मिलाइने छ ।

३.१०.३ टेलिभिजन सिग्नल वितरण र केवुल वितरणको नियमन गर्न आवश्यक कानून तर्जमा गरिनेछ ।

## ४. विविध :

४.१ जनतासँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक हितका सूचना, सन्देश वा समाचार निशुल्क प्रकाशन वा प्रशारणलाई

सञ्चारमाध्यमको अनिवार्य सामाजिक दायित्वका रुपमा विकास गरिनेछ ।

४.२ प्रदेश आमसञ्चार नीति कार्यान्वयन गर्न आवश्यक कानूनी संरचना तयार पारिने छ ।

४.३ प्रदेश आमसञ्चार नीतिलाई प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ ।

४.४ नीतिले नसमेटिएको र संघीय नीतिसँग बाझिएका बिषयवस्तु संघीय सञ्चार नीति अनुसार हुनेछ ।

४.५ प्रदेश स्तरमा आवश्यक ऐन, कानून, संस्थागत व्यवस्था, जनशक्तिको व्यवस्था नभए सम्म संघीय ऐन कानून, संस्थागत व्यवस्था र जनशक्ति परिचालन गरी यस नीति अनुसार सम्पादन गर्नु पर्ने नियमन र व्यवस्थापनका कार्यहरु सम्पादन गरिने छ ।